त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

# B.Tech. (Food Technology) पुन: प्रवेश परीक्षाका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूमा सेमेस्टर परीक्षा प्रणाली अन्तर्गत ग्रेडिङ पद्धतिअनुसार पठनपाठन हुने विज्ञानतर्फ स्नातक तह खाद्यप्रविधि (B.Tech. Food Technology) कार्यक्रममा केही कलेजहरुमा कोटा बाँकी रहेकाले भर्ना हुन इच्छुक विद्यार्थीहरूका निमित्त निम्नानुसारको पुन: प्रवेश परीक्षा कार्यक्रम प्रकाशित गरिएको छ। आवेदन फाराम अनलाइन माध्यमबाट मात्र भर्नुपर्नेछ।

**पुन: प्रवेश परीक्षासम्बन्धी कार्यक्रम**

**१ प्रवेशका लागि न्यूनतम योग्यता :**

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट माध्यमिक शिक्षा वा सो सरहको १०+२ (विज्ञान) वा प्रविणता प्रमाणपत्र तह खाद्य/प्रयोगशाला प्रविधि वा प्रमाणपत्र तह (I.Sc.) वा सो सरहको परीक्षामा रसायनशास्त्र र गणित **विषयमा १००/१०० पूर्णाङ्क** लिई कम्तीमा दोस्रो श्रेणी वा **Final Grade C ल्याई** कम्तीमा १०० पूर्णाङ्कको अङ्ग्रेजी विषय लिई उत्तीर्ण गरेको हुनुपर्नेछ। अन्य विषयहरुमा कम्तीमा GPA 1.6 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ख) CTEVT बाट तीन वर्षे डिप्लोमामा अङ्ग्रेजी, रसायनशास्त्र र गणित **विषयमा १००/१०० पूर्णाङ्क** लिई कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ग) A Level अध्ययन गर्नेको हकमा अङ्ग्रेजी, रसायनशास्त्र र गणित विषयमा १००/१०० पूर्णाङ्कको विषय लिई प्रत्येक विषयमा कम्तीमा D ग्रेड (with or without small letter) ल्याई उत्तीर्ण हुनुपर्नेछ।

(घ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेस गर्नुपर्नेछ।

**२. फाराम भर्ने समय:**

विज्ञान तथा प्रविधि अध्ययन संस्थानको Website: https://iost.tu.edu.np/ मा राखिएको प्रवेश परीक्षाको Online आवेदन फाराम **२०८३।०६।०९ गतेदेखि मिति २०८३।०६।१६ गतेसम्म** मात्र उपलब्ध हुनेछ। तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ।

**३. फाराम शुल्क:**

प्रवेश परीक्षा शुल्क वापतको रकम रु.३३००।- (तीन हजार तीन सय मात्र) नेपाल भित्रको ग्वोवल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौंचर भरी यस कार्यालयको ग्लोवल आई.एम.ई. बैंक लिमिटेड कीर्तिपुर शाखामा रहेको खाता जम्मा हुने गरी बुझाएको हुनुपर्नेछ। साथै भर्ना पोर्टलमा रहेको अनलाइन माध्यमबाट IoST को Website मा दिइएको app तथा Link प्रयोग गरेर पनि शुल्क जम्मा गर्न सकिनेछ। Online फारम भर्दा बैंकको भौंचर नम्वर वा Product ID अनिवार्य रुपमा भर्नुपर्नेछ। **परीक्षा शुल्क बापत बुझाएको रकम फिर्ता हुने छैन।**

**४. प्रवेश परीक्षा हुने मिति र समय :** २०८३।०६।१८ गते आइतबार बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म

**५. प्रवेश पत्र वितरण:** २०८३।०६।१७ गते शनिबारबाट वेबसाइटबाटै डाउनलोड गर्न सकिनेछ।

**६. परीक्षा केन्द्र :** पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौं।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय

७. **प्रवेश परीक्षा सम्वन्धी अन्य जानकारी :**

- विद्यार्थीहरूले आवेदन **फाराम** भर्दा +2 वा सो सरह को परीक्षामा यस अध्ययन संस्थानबाट यस अघिको प्रवेश परीक्षामा तोकिएको **सम्पूर्ण** प्रक्रियाहरू पूरा गरेको हुनुपर्नेछ र सोको कागजातहरू अनिवार्य रुपले पेस गर्नुपर्नेछ ।
- आवेदकले फारम भर्दा **Online** मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरू तथा Upload गर्नुपर्ने सा**माग्री**हरू सहित Submit गर्नुपर्नेछ । आवेदकको न्यूनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिट, **समक**क्षता प्रमाणपत्र इत्यादि आवेदकको हस्ताक्षर तथा MRP Standard फोटो लगायतका सामग्रीहरू **तयार** गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ ।
- धमिलो, पढ्न नमल्ने Documents मान्य हुनेछैनन् ।
- Online बाट परीक्षा **फारम** भरी Submit गरिसकेपछि तत्काल प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

मिति : २०८३।०६।०८

सहायक डीन

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५